**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- कृषिमन्त्री शिवराज सिंह चौहानले उत्तर प्रदेश र गुजरातमा प्रमुख दाल र तिलहरुको खरिदलाई अनुमोदन गर्नुभएको छ।
- राष्ट्रपति द्रौपदी मुर्मूले चलचित्र केवल एक उद्योग मात्र नभएर समाजमा जागरूकता बढाउने र नागरिकहरूलाई अझ संवेदनशील बनाउने शक्तिशाली माध्यम पनि भएको बताउनु भएको छ।
- रक्षामन्त्री राजनाथ सिंह अनि मोरक्कोका रक्षामन्त्री अब्दुल लतीफ लुदाईले हिज मोरक्कोको बर्शीदमा भारतको पहिलो विदेशी रक्षा उत्पादन सुविधाको उद्घाटन गर्नुभएको छ।
- विश्व खाध्य भारत २५ देखि २८ सितम्बरसम्म नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुनेछ।
- मौसम विभागले आगामी दुई दिनसम्म पश्चिम बंगाल, उडिसा र छत्तिसगढका केही स्थानहरुमा मुसलधारे वर्षाका लागि चेताउनी जारी गरेको छ।

**कृषिमन्त्री शिवराज सिंह चौहानले**

कृषिमन्त्री शिवराज सिंह चौहानले उत्तर प्रदेश र गुजरातमा प्रमुख दाल र तिलहरुको खरिदलाई अनुमोदन गर्नुभएको छ। हिज एक उच्चस्तरीय बैठकमा बोल्नु हुँदै श्री चौहानले सम्पूर्ण खरिद प्रक्रिया पारदर्शी, डिजिटल र किसान-केन्द्रित हुनुपर्ने बताउनु भएको छ। उहाँले यस पहलबाट वास्तविक किसानहरूले मात्र लाभ उठाउनुपर्ने कुरामा जोड दिनुभएको छ। कृषिमन्त्रीले राज्यहरूलाई कुनै पनि शोषण रोक्न निर्देशन दिनुभयो। श्री चौहानले दुवै राज्यका कृषकहरूबाट उडद र अरहर, साथै मुग, तिल, बदाम र भटमासको पूर्ण खरिदलाई अनुमोदन गर्नुभयो, जसको अनुमानित मूल्य ₹१३ हजार ८ सय करोड हुनेछ।

**राष्ट्रपति द्रौपदी मुर्मु - राष्ट्रिय चलचित्र पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मूले चलचित्र केवल एक उद्योग मात्र नभएर समाजमा जागरूकता बढाउने र नागरिकहरूलाई अझ संवेदनशील बनाउने शक्तिशाली माध्यम पनि भएको बताउनु भएको छ। राष्ट्रपति मुर्मुले हिज नयाँ दिल्लीमा वर्ष २०२३ को लागि ७१ औँ राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गर्ने अवसरमा यस्तो मन्तब्य पोख्नु भएको हो । उहाँले चलचित्र उद्योगका सबै हिताधारकहरूलाई भारतीय चलचित्रहरूले वैश्विक स्तरमा अधिक परिचय गराउने प्रयास गर्ने आग्रह गर्नुभयो । राष्ट्रपति मुर्मुले महिला केन्द्रित चलचित्र निर्माण र उनीहरूले प्राप्त गर्ने पुरस्कारप्रति खुशी व्यक्त गर्नुभएको छ। यो निकै सकारात्मक सामाजिक संकेत भएको उहाँले बताउनु भएको छ ।

**1byte -द्रौपदी मुर्मु**

यस अवसरमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले वेभ्स बजारका कारण देशका सामग्री सिर्जनाकर्ताहरूले नयाँ बजार पाइरहेका बताउनु भएको छ।

**2byte -अश्विनी वैष्णव**

यस समारोहमा चलचित्र निर्माण र उत्कृष्ट अभिनयका लागि विभिन्न विधामा पुरस्कार प्रदान गरियो । अभिनेता तथा निर्देशक तथा निर्माता मोहनलाललाई चलचित्र क्षेत्रको सर्वोच्च सम्मान दादासाहेब फाल्के पुरस्कारबाट सम्मानित गरिएको छ। सर्वोत्कृष्ट फिचर फिल्मको पुरस्कार हिन्दी फिल्म 'ट्वेल्थ फेल'ले प्राप्त गरेको छ। सर्वोत्कृष्ट हिन्दी फिचर फिल्मको पुरस्कार

'ज्याकफ्रूट : अ कटफ्रुट मिस्ट्री' ले प्राप्त गरेको छ। फिल्म 'जवान'का लागि शाहरुख खानलाई उत्कृष्ट अभिनेताको अवार्ड प्रदान गरिएको छ।

**रेलमन्त्री अश्विनी वैष्णव- विशेष रेल सेवा**

रेलमन्त्री अश्विनी वैष्णवले दुई वन्दे भारत स्लीपर ट्रेनहरू चाँडै शुरु गरिने बताउनु भएको छ। पहिलो रेलले सबै जाच र परीक्षणहरू पार गरिसकेको छ र दोस्रो रेल अर्को महिनाको मध्यसम्ममा तयार हुने सम्भावना रहेको बताउनु भएको छ। उहाँले दीपावली र छठ पर्वमा यात्रीहरुका सुविधाका लागि बाह्र हजार विशेष रेलहरू सञ्चालन गरिने घोषणा गर्नुभएको छ। हिज नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै श्री वैष्णवले यी विशेष रेलहरू १ अक्टोबरदेखि १५ नोभेम्बरसम्म चल्ने बताउनुभएको छ।

3- Byte अश्विनी वैष्णव

**रक्षामन्त्री राजनाथ सिंह- मोरक्को**

रक्षामन्त्री राजनाथ सिंह अनि मोरक्कोका रक्षामन्त्री अब्दुल लतीफ लुदाईले हिज मोरक्कोको बर्शीदमा भारतको पहिलो विदेशी रक्षा उत्पादन सुविधाको उद्घाटन गर्नुभयो। श्री राजनाथ सिंहले यसलाई दुई देशहरू बीचको विकसित रणनीतिक साझेदारीमा एक ऐतिहासिक क्षणको रूपमा वर्णन गर्नुभयो। उहाँले भन्नुभयो कि टाटा एडभान्स्ड सिस्टम्स लिमिटेडद्वारा सञ्चालित यो सुविधाले स्वदेशी रूपमा विकसित चक्कायुक्त बख्तरबंद सवारी साधनहरू उत्पादन गर्नेछ। सम्झौता अन्तर्गत, यी सवारी साधनहरू रोयल मोरक्कन सेनालाई आपूर्ति गरिनेछ, जसको डेलिभरी अर्को महिनादेखि सुरु हुने अपेक्षा गरिएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी- स्वच्छता -स्वच्छता**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशभरिका मानिसहरूलाई स्वच्छता ही सेवा अभियानमा सक्रिय रूपमा भाग लिन आह्वान गर्नुभएको छ। श्री मोदीले यसलाई सामूहिक उत्तरदायित्व र राष्ट्रिय गौरवको भावना झल्काउने प्रेरणादायक पहलको रूपमा वर्णन गर्नुभएको छ i उहाँले मानिसहरूलाई स्वच्छता उत्सवमा भाग लिन र २५ सेप्टेम्बर बिहीबार बिहान ८ बजे श्रमदान गर्ने आग्रह गर्नुभएको छ। पण्डित दीनदयाल उपाध्यायको जन्मजयन्तीको अवसर पनि यही दिन रहेको छ ।

**विश्व खाध्य भारत**

विश्व खाध्य भारत २५ देखि २८ सितम्बरसम्म नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुनेछ। यसको उद्देश्य विविध खाद्य प्रशोधन क्षेत्रमा निवेश लाई प्रवर्द्धन गर्नु र भारतको समृद्ध खाद्य संस्कृतिलाई विश्वसामु प्रस्तुत गर्नु हो। प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार कार्यक्रमको उद्घाटन गर्नुहुनेछ।

**प्रधानमन्त्री नरेन्द्र मोदी-सुशासन**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सेवा र सुशासनको मन्त्रबाट प्रेरित सरकार निरन्तर परिवर्तन र प्रगतिको दिशामा काम गरिरहेको छ। हाम्रो विशेष श्रृंखला, "सेवा पर्व" मा, हामी मोदी सरकारले प्रधानमन्त्री कौशल विकास योजना मार्फत भारतका युवाहरूलाई कसरी सशक्त बनाएको छ भन्ने बारेमा चर्चा गर्नेछौँ।

4 **byte -प्रधानमन्त्री**

**केंद्रीय कृषि एवं किसान कल्याण राज्य मंत्री, -सिक्किम**

केन्द्रीय कृषि एवम् किसान कल्याण राज्य मन्त्री भागिरथ चौधरी हिज सिक्किम पुग्नुभएको छ। श्री चौधरी उत्तर-पूर्वी क्षेत्रमा कृषि सम्बन्धहरूलाई सुदृढ गर्न र विकास पहलहरूलाई प्रवर्द्धन गर्नका लागि पूर्वोत्तर सम्पर्क कार्यक्रम अन्तर्गत सिक्किमको तीन दिवसीय आधिकारिक भ्रमणमा हुनुहुन्छ। आज राज्यमन्त्री श्री चौधरी एक समीक्षा बैठकमा भाग लिन सोरेङ

जाने हुनेछ । 25 तारिख, केन्द्रीय राज्य मन्त्री दक्षिण सिक्किमको नामची जिल्ला बर्मेक स्थित केन्द्रीय कृषि विश्वविद्यालय, बागवानी विभागको नवनिर्मित भवनहरूको उद्घाटन समारोहमा भाग लिनुहुनेछ।

**पर्यावरण, वन और जलवायु परिवर्तन मंत्री**

पर्यावरण, वन एवं जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले हिज महाराष्ट्रको पालघर जिल्लाको वाडामा गोवर्धन इको भिलेजमा "_देसी भोजन मायने रखता है " पहलको शुरुवात गर्नुभयो । यस अवसरमा उहाँले विद्युतीय फोहोर ठूलो समस्या बनेको बताउनुभयो ।

**जीएसटी सुधार**

अघिलो पीढ़ीको जीएसटी सुधार भारतको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्वपूर्ण कदम हो। अब मानिसहरुले जीएसटी सुधारहरुको लाभ उठाउन सक्नेछन I

**महाराष्ट्र - आर्टिफिशियल इंटेलिजेंस**

महाराष्ट्रको सिन्धुदुर्ग जिल्लामा आर्टिफिसियल इन्टेलिजेन्स प्रयोग गरेर विकास गरिएको 'एआई सिन्धुदुर्ग मोडेल'ले राष्ट्रिय मान्यता पाउने सम्भावना रहेको छ । नीति आयोगका सदस्यहरूले अर्को महिनाको पहिलो हप्तामा एआईमा आधारित मोडेलको अध्ययन गर्न जिल्लाको भ्रमण गर्नेछन्।

**खेल मंत्री मनसुख मांडविया - विश्व पैरा एथलेटिक्स चैंपियनशिप**

खेल मन्त्री मनसुख मान्डावियाले हिज जवाहरलाल नेहरू स्टेडियममा पारा एथलेटिक्स च्याम्पियनसिप प्रतियोगिताको तयारीको स्थलगत निरीक्षण गर्नुभयो I जहा आगामी २५ सितम्बरदेखि नया दिल्लीमा पहिलो पटक पारा एथलेटिक्स च्याम्पियनसिप प्रतियोगिताको शुरुवात हुदैछ I च्याम्पियनसिप २६ सितम्बर देखि ५ अक्टोबर सम्म चल्नेछ ।

**महाराष्ट्र- -जनजीवन प्रभावित**

महाराष्ट्रमा विगत तीन दिनदेखि लगातार भारी वर्षाका कारण मराठवाडाका धेरै भागहरू, विशेष गरी लातुर, धाराशिव र हिंगोली जिल्लाहरूमा गम्भीर स्थिति सिर्जना भएको छ। पानीको बहाव खतरनाक बन्दै गएपछि राष्ट्रिय आपदा मोचन बल एनडीआरएफ ले एक नवजात शिशुसहित परिवारका नौ सदस्यको उद्धार गरेको छ ।